# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष ११ गते २०१२ साल

### राज्य व्यवस्था विभागको
### सूचना

२०१२।७।३ गतेदेखि देहायका लेखिएका जवानहरूलाई देहायका खानगीमा सरुवा बढुवा र नयाँ नियुक्ति गर्ने सरकारबाट निर्णय भएको छ।

तपसील

पब्लिक सर्भिस कमिशनतर्फः—

प. स. क को अध्यक्ष श्री नगेन्द्रमान सिं प्रधान, ल. कमिशनको अध्यक्षमा सरुवा भै खाली पोष्टमा ल. कमिशनको अध्यक्ष बडाकाजी श्री माणिकलाल राजभंडारी मासिक रु. ९००। नौ सयका दरले खान पाउने गरी सरुवा।

प. स. क. को सदस्य मेजर श्री केशरबहादुर खत्री क्षत्री शिक्षा स्वास्थ्य;



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय स्वायत्त शासन विभागको सेक्रेटरीमा सरुवा भै खालीमा प्रधान न्यायालयको न्यायाधीश श्री भगवतीप्रसादसिंहलाई मासिक रु. ७००। सातसयका दरले खान पाउने गरी सरुवा।

प. स. क. को सदस्य श्री देवनाथप्रसाद वर्मा खे. खा. भै खाली ठाउँमा श्री नरेन्द्रमणि आचार्य दीक्षित एम्. ए. ले पाएको पेन्शन खारेज गरी मासिक रु. ७००। सात सयका दरले खान पाउने गरी नयाँ भर्ना।

प. स. क. को सेक्रेटरी श्री खड्गमान मल्ल हाललाई साबिकबमोजिम तलब भत्ता खान पाउने गरी दिने।

निर्वाचन र सेन्सस कमिश्नरमा:—

निर्वाचन कमिश्नरको पदमा श्रीसुवर्णशमशेर ज. बा. रा.।

सेन्सस् कमिश्नरमा श्रीकुलनाथ लोहनी।

भक्तपुर मेजिष्ट्रेटमा:—

भक्तपुर मेजिष्ट्रेट श्रीबलबशमशेर ज. ब. रा. न्यायालयको अस्थायी न्यायाधीशमा २०१२ साल कार्तिक ३ गतेदेखि १ वर्षभित्र बक्यौता फर्छ्याई सो म्यादपछि आफ्नो साबिक खांगीमा फर्कने गरी सरुवा भै खाली हुन आएको मेजिष्ट्रेट पदमा श्रीमँकरबहादुर थापा अस्थायी रूपले नयाँ नियुक्ति।

ल. कमिशनमा

ल कमिशनको अध्यक्ष बडाकाजी श्रीमाणिकलाल राजभंडारी प.स.क. को अध्यक्षमा सरी खाली हुन आएको पोष्टमा प. स.क. को अध्यक्ष स. श्रीनगेन्द्रमान सिं सरुवा।

आज्ञाले —

रामगोपाल

सेक्रेटरी,— राजव्यवस्था विभाग.

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# राज्य व्यवस्था विभागको सूचना

रा. व. १८।२२४४।१ मिति १२।८।२७।२

२००७ सालदेखि यता २०११ साल चैत्र मसान्तसम्मको १ सोभन्दा बढि प्रधान न्यायालयमा धेरै मुद्दाहरु छिन्न बाँकी रही भ्रमडिया जनताहरु तारीखमा झुली रहनुपर्दा सबैलाई पीर मर्का भैरहेको बेहोरा श्री ५ महाराजाधिराजका हजुरमा जाहेर हुँदा वर्ष १ एकभित्र सो बक्यौता मुद्दाहरु फर्छ्याउने गरी देहायका ७ सात जनाहरुलाई २०१२।७।३ गतेदेखि लेखिएबमोजिम खाने गरी देहायबमोजिम अस्थायी न्यायाधीशमा मौसुफबाट नियुक्ति मुकरर गरी बकसेबमोजिम २०१२ साल कार्तिक १८ गते रोज ६ मा लालमोहर गरिबकसेको छ।

अस्थायी न्यायाधीशको पदमा कानुन विभागका से. श्रीतिलकशमशेर थापालाई गरेका कामको नतिजा हेरी सो म्याद पछिलाई उसै बखत तजवीज गरिने गरी मासिक तलब मोरु. पाँचसय पचास रुपैयाँ खान पाउने गरी सरुवा।

अस्थायी न्यायाधीशको पदमा गृहविभागका श्री डे. से. सन्तबहादुर प्रधानलाई सो म्यादपछि आफ्नै ठेकिएको साबिक खान्गी दर्जामा फर्कने गरी मासिक तलब मोरु ५५०। पाँचसय पचास रुपैयाँ खान पाउने गरी सरुवा बढुवा।

अस्थायी न्यायाधीशको पदमा कानुन विभागका डे. से. श्रीहिरामान प्रधानलाई ऐ. ऐ. गर्ने गरी मासिक तलब रु. ५५०। पाँचसय पचास रुपैयाँ खान पाउने गरी सरुवा बढुवा।

अस्थायी न्यायाधीशको पदमा म. पु. मेजिष्ट्रेट अफिसका मेजिष्ट्रेट श्रीवल्लभशमशेर ज. ब. रा. लाई ऐ ऐ गर्ने गरी मासिक तलब मोरु ५५०। पाँचसय पचास रुपैयाँ खान पाउने गरी सरुवा बढुवा।

अस्थायी न्यायाधीशको पदमा प्रधान न्यायालयका मेम्बर श्रीउपेन्द्रराज शर्मालाई ऐ. ऐ. गर्ने गरी मासिक तलब रु ५५०। पाँचसय पचास रुपैयाँ खान पाउने गरी सरुवा बढुवा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७६०

अस्थायी न्यायाधीशको पदमा प्रधान न्यायालयका मी. सु. श्रीभीमबहादुर थापालाई ऐ. ऐ. गर्ने गरी मासिक तलब मोहरु ५५०। पाँचसय पचास रुपैयां खान पाउने गरी सरुवा बढुवा ।

अस्थायी न्यायाधीशको पदमा प्रधान न्यायालयका सुब्बा श्री शेरशङ्कर खराउ जुँलाई ऐ. ऐ. गर्ने गरी मासिक तलब मोहरु ५५०। पाँचसय पचास रुपैयाँ खान पाउने गरी सरुवा बढुवा ।

आज्ञाले—
रामगोपाल
सेक्रेटरी,—राज्यव्यवस्था विभाग.

## राज्यव्यवस्था विभागको सूचना

बा. न. १८[१२]१७।६ १४३७ ८३८ मिति १३।८।२७।२

२०१२।८।२०।२का सरकारका निर्णयबमोजिम काठमाडौंका जनताको निमित्त वितरण हुने राशन खरीद गर्न काठमाडौं मैजिष्ट्रेट श्रीदुर्गादत्त पाध्या र खाद्य, कृषि र वनविभागका सेक्रेटरी श्रीरोहिणीप्रसाद पन्थसमेत केही दिनको निमित्त काठमाडौंबाट बाहिर जानुभएकोले उहाँहरु फर्की नआएसम्म निम्न जवानहरु निम्न लेखिएबमोजिम का. मु. भै काम चलाउनु हुन्छ हुने भएको छ ।

काठमाडौं मैजिष्ट्रेट श्रीदुर्गादत्त पाध्याको स्थानमा—ल. पु मैजिष्ट्रेट श्रीबद्रीप्रसाद थपलिया ।

ल. पु. मैजिष्ट्रेट श्रीबद्रीप्रसाद थपलियाको ठाउँमा—सोही अफिसका न.सु. श्रीबुद्धिबहादुर का. मु ल. पु मैजिष्ट्रेट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६८

खाद्य कृषि वन विभागको सेक्रेटरी श्रीरोहिणीप्रसाद पन्तको स्थानमा

खाद्यतर्फ डे. से. श्री देवीप्रसाद गिरी,
कृषितर्फ डे. से. श्रीवासुदेव शर्मा,
वनतर्फ डे. से. श्रीवत्सराज शर्मा,

आज्ञाले—
रामगोपाल,
सेक्रेटरी—राज्यव्यवस्था विभाग.

## नेपाल प्रधान न्यायालयको सूचना।

६९१ प्र. न्या. २०१२–८–२१–३

प्रधान न्यायालयमा अन्य अड्डा विभागहरूबाट लेखी आउने पत्र प्रधान न्यायालयको जुन बेञ्चसंग सम्पर्क रहने हो, सो नम्बरलिई चाँडो पुग्ने भर्न बेञ्च नम्बर कायम गरी लेखापढी भर्ने गरी निम्न लिखित बेञ्चनम्बर कायम भएको छ। प्रधान न्यायालयबाट लेखिई आउने पत्रमा र सो खाममा समेत बेञ्च नम्बर जनिई आउनेछ। अरु विभाग वा अड्डाहरूबाट पनि प्रधान न्यायालयलाई कुनै विषयमा लेख्नुपर्ने पत्र वा जवाफी पत्रको शिरमा सम्पर्क रहने बेञ्चको नम्बर चढाई त्यसको पत्र खामिने खाममा समेत सो बेञ्च नम्बर जनाई लेखापढी भर्ने भएको छ।

श्री प्रधान न्यायाधीश बेञ्च नम्बर — — — —१.
श्री न्यायाधीश प्रकाशशमशेर जं. ब. रा. बेञ्च नम्बर २.
श्री न्यायाधीश भैरवराज पन्त बेञ्च नम्बर — — ३.
श्री न्यायाधीश महेन्द्र बेञ्च नम्बर — — ४.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9605